मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : १३५ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ बैशाख १ गते सोमवार (Monday, April 13. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

सदाचारीलाई स्वागत
भ्रष्टाचारीलाई बहिस्कार ।
भ्रष्टाचारविरुद्ध शून्य
सहनशीलताको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# सीमामा ६००० सशस्त्र प्रहरी

## २,२०० नेपाली भारतीय क्वारेन्टाइनमा, लकडाउन उल्लंघन गर्नेको संख्या ५७,०००

**झापा, चैत ३०।** सरकारले लकडाउनलाई थप प्रभावकारी बनाउन नेपाल-भारत सीमा क्षेत्रमा उल्लेख्य मात्रामा सशस्त्र प्रहरी बललाई परिचालन गरेको छ ।

भारतबाट लुकिछिपी भारतीय तथा नेपाली नागरिक समेत प्रवेश गर्ने गरेको पाइएपछि कोरोना सक्रमणको त्रास बढेकाले सीमा क्षेत्रमा मात्रै छ हजार जनशक्ति परिचालन गरेको छ ।

सीमा क्षेत्रमा अवैध रुपमा आवागमन नहोस् भन्ने ध्येयका साथ लकडाउनलाई प्रभावकारी बनाउन एक हजार ६८ स्थानमा पिकेट स्थापना गरी उक्त परिमाणमा जनशक्ति खटाइएको हो । केही स्थानमा भने सीमा पूर्ण रुपमा नै बन्द गरिएको छ भने कोही कसैलाई पनि आवतजावत गर्न नदिइने प्रबन्ध गरिएको छ ।

छाउनीस्थित नेपाली सेनाको रेञ्जर गणमा रहेको क्राइसिस म्यानजेमेन्ट सेन्टर (सीसीएमसी)मा आइतवार आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार सीमा सुरक्षाको जिम्मेवारीमा रहेको सशस्त्र प्रहरी बललाई नै थप प्रभावकारी रुपमा लकडाउन पालना गराउन परिचालन गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाका अनुसार लकडाउनका समयमा हुने अवैध आवतजावतका कारण कोरोनाको संक्रमण फैलने सन्त्रासलाई रोक्न सीमा क्षेत्रमा सशस्त्र प्रहरी बललाई उल्लेख्य मात्रामा परिचालन गरिएको र उनीहरुले २४सै घण्टा सीमा निगरानी गरिरहेका छन् ।

पछिल्ला दिनमा भारतमा कोरोना संक्रमणको दर बढीरहेको कारण पनि नेपालमा थप जोखिम उत्पन्न हुने अवस्थालाई सरकारले विशेष ख्याल गरेको छ । आइतवार मात्रै वीरगञ्जमा थप तीन जनामा कोरोना भाइरस सक्रमण देखिएकाले आवश्यक परेको खण्डमा थप जनशक्ति समेत परिचालन हुन सक्ने सरकारको भनाइ छ । नेपाल-भारत सीमा नाकाको नियमति निगरानी गरी आवागमन पूर्णत बन्द गरिएको छ । देशभरको दैनिक शान्ति सुरक्षाको अवस्था समीक्षा गरी आवश्यकताअनुसार समन्वयात्मक रुपमा सुरक्षाकर्मी परिचालन गरिएको छ ।

यसैबीच भारतमा कूल २ हजार २३० जना नेपाली नागरिक क्वारेन्टाइनमा रहेका छन् । उनीहरु विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुसार १४ दिन क्वारेन्टाइनमा बसेपछि नेपाल आउन सक्ने र नेपालमा समेत थप परीक्षण गरेपछि मात्रै आ-आफ्नो घरमा जान सक्ने छन् तर उनीहरु पुनः घरमा नै क्वारेन्टाइनमा बस्नुपर्नेछ । यस्तै नेपालतर्फ पनि कूल ६६१ जना भारतीय क्वारेन्टाइनमा छन् । नेपाल भारत सीमा क्षेत्रमा रहेका ती नागरिकलाई नेपालतर्फ प्रदेश सरकारको समन्वयमा स्थानीय

*(बाँकी अन्तिम पृष्ठमा)*



## कोरोनाबाट १४ नेपालीको मृत्यु

**काठमाडौं, चैत ३०।** कोरोना भाइरसको संक्रमणबाट हालसम्म १४ नेपालीको मृत्यु भएको छ भने ६७५ भन्दा बढी संक्रमित भएका छन् । कतिपयले यसको संक्रमण लुकाउँदा विवरण संकलनमा समस्या भएको एनआरएनएले जनाएको छ ।

गैरआवासीय नेपाली संघका अध्यक्ष कुमार पन्तको अध्यक्षतामा गठित उच्चस्तरीय समितिअन्तरर्गतको स्वास्थ्य समितिले संकलन गरेको तथ्यांक अनुसार बेलायतमा ८, अमेरिकामा ५, युएईमा १ जनाको मृत्यु भएको हो ।

यस्तै, ६ सय ७५ जना गैरआवासीय नेपाली कोरोनाबाट संक्रमित भएको स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाले जानकारी दिए । उनका अनुसार अमेरिकामा ५ सय बढी नेपाली संक्रमित भएका छन् भने बेलायतमा १ सय बढी संक्रमित रहेका छन् ।

यस्तै, स्पेनमा १८, जर्मनीमा ४, पोर्चुगलमा २२, अस्ट्रेलियामा ९, युएईमा १०, साउदी अरेबियामा ४, कुवेतमा ५, जापानमा १, मलेसियामा १ र हङ्कङमा १ जनामा संक्रमण पुष्टि भएको छ। अन्य देशमा पनि विवरण संकलनको क्रममा रहेको एनआरएनले जनाएको छ ।

यसैबीच कोरोना भाइरस कोभिड १९ को आशंकामा आइसोलेसनमा राखिएका दुई शंकास्पद व्यक्ति भागेका छन् । डडेल्धुरास्थित डडेल्धुरा अस्पतालको आइसोलेसनबाट शनिबार उनीहरु भागेका हुन् ।

कोरोना आशंकामा तीन दिनअघि उनिहरु अस्पताल भर्ना भएका थिए । अस्पतालबाट भागेका उनीहरूहरू भागेश्वर गाउँपालिका ३ नानीगाडका व्यक्ति हुन् ।



# 'झापामा भेन्टिलेटरसहितको आइसोलेसन आवश्यक'

## लोकराज ढकालः सभापति, नेपाल रेडक्रस सोसाइटी झापा

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसका कारण तीन सातादेखि मुलुक लकडाउनमा छ । विपद्को समयमा मानवीय सेवामा सर्मपित हुने नेपाल रेडक्रस सोसाइटी यो अवस्थामा के गर्दै छ ? र समग्र झापाको अवस्था के रहेको छ ? भन्ने विषयमा नेपाल रेडक्रस झापाका सभापति लोकराज ढकालसंग पूर्वाञ्चल दैनिकका **सहसम्पादक सुरेन्द्र भण्डारी**ले गरेको कुराकानीको सम्पादित अंश ।

**लकडाउनको २०औं दिनसम्म आइपुग्दा समग्र झापालाई कसरी नियाल्नु भएको छ। यहाँ रहेका क्वारेन्टाइन, आइसोलेसनको अवस्था कस्तो पाउनुभयो ?**

- समग्रमा भन्ने हो भने जिल्लामा आइसोलेसनमा राखिएका मानिसको स्वाव परीक्षण भयो । उनीहरुको रिपोर्ट सबै नेगेटिभ आयो । र्‍यापिड टेष्टको पनि टिम आएको थियो । त्यसमा नेपाल रेडक्रस सोसाइटीका साथीहरु, स्वास्थ्यकर्मीहरु पनि सहभागी थिए । त्यो टिमले क्वारेन्टाइनमा रहेकाहरुको स्वास्थ्य परीक्षण गर्दा सबै रिपोर्ट नेगेटिभ देखिएको छ । यो राम्रो पक्ष हो ।

प्रहरीले अहिलेसम्म नौ सय ९९ जना मानिस विभिन्न देशबाट आएको भनिरहेको छ । भारतबाट त्यो भन्दा धेरै संख्यामा मानिसहरु आएका छन् । उनीहरुमध्ये कतिलाई क्वारेन्टाइन र कतिलाई होम क्वारेन्टाइमा राखिएको छ । उनीहरु सबैको कोरोनाको परीक्षण गर्न पाइयो भने झापा चाहिँ सुरक्षित नै रहन्छ भन्न सकिन्छ । सबैभन्दा राम्रो पक्ष के छ भने अहिले वोर्डर अत्यन्त धेरै टाइट गरिएको छ । जसका कारण भारतबाट कोही पनि मानिस नेपाल आउन पाउँदैनन् । यसले गर्दा पनि हामी अझ बढी सुरक्षित छौं भन्न सकिन्छ । तीन चारदिनदेखि नाकामा सशस्त्र प्रहरी, जनपद, प्रहरी र नागरिकको सहकार्यमा बोर्डर एरियामा कडाई गरिएसंगै कोही पनि मानिस अहिले नेपाल पनि आउँदैनन् र भारततर्फ पनि जानसक्ने अवस्था छैन । यो अवस्थामा प्रहरीले अत्यन्त ठूलो भूमिका निर्वाह गरेको छ । गौरीगञ्जदेखि वाहुनडाँगीसम्मको १४४ मिटर वोर्डर एरिया विहार र बंगाल पर्छ । त्यो सबै एरियामा अत्यान्त धेरै कडाई गरिएका कराण पनि अहिलेसम्म हामी सुरक्षित नै छौं भन्नु पर्छ ।

तर, प्रहरी चाहिँ पहिलो जोखिममा रहेको हामीले पाएका छौं । किनभने कोही मानिस भारतबाट नेपाल आए भने नियन्त्रणमा लिने निकाय सुरक्षाकर्मी हो । उनीहरु कोरोना संक्रमित रहेका छन् भने पनि उनीहरुलाई समातेर क्वारेन्टाइनसम्म सुरक्षाकर्मीले ल्याउनुपर्ने भएकाले पहिलो जोखिममा सुरक्षाकर्मी पर्छन् । यो अवस्थामा सुरक्षाकर्मीका विषयमा चाहिँ गम्भीर हुनपर्ने देखिन्छ । त्यसपछि स्वास्थ्यकर्मी आउँछन् । सुरक्षाकर्मीलाई अहिलेसम्म पीपीई सेट प्राप्त भएको छैन । उनीहरुलाई चाहिने पर्याप्त मात्रामा मास्क, ग्लोब्स, सेनिटाइजर लगायतका सामग्री छैन । उनीहरुलाई त्यो दिन जरुरी छ । अहिले त यही बनाइएका होम मेडमात्रै दिइएको छ । तर, १/२ वटा मात्रै कोरोना संक्रमित मासि भेटियो भने जोखिम कति हुन्छ ? अहिले प्रहरीले प्रयोग गर्दै आएको सुरक्षाका सामग्री मापदण्ड अनुसारका छैनन् । तसर्थ प्रहरीलाई, स्वास्थ्य कर्मीलाई आवश्यक सामग्री दिन जरुरी छ ।

**अहिले झापामा रगतको अभाव छ ?**

- हामीले यो समयमा पनि विभिन्न ठाउँमा रक्तदान कार्यक्रम सञ्चालन गरिरहेका छौं । कहिलेकाहिँ डाक्टरले फेस ब्लड चाहिन्छ भनिदिनुहुन्छ । त्यो अवस्थामा भनेको ग्रुपकै रगत तत्काल भेटाउन समस्या हुन्छ । तर, अनकलमा पनि हामीले तीन/चार सय मानिसलाई नोट गरेर राखेका छौं । लकडाउनको समयमा उनीहरुलाई तत्काल रगत दिन चाहिँ समस्या हुँदोरहेछ । किनभने तुरुन्त रगत चाहिएको हुन्छ । उसलाई आउन नै समस्या भइदिन्छ । उनीहरुलाई हामी आफैले ल्याउनुपर्ने हुन्छ । त्यसो गर्दा दुई/तीन घण्टा ढिलो हुन्छ । तर, हामी कहाँ भएको व्लडलाई तत्काल प्रयोग गर्ने हो भने त्यो समस्या रहन्न । हामीसँग अहिले पनि लगभग चार सय युनिट रगत छ । तत्काललाई झापामा रगतको अभाव छैन ।

**संकटको यो घडीमा राहत वितरणलाई यहाँले कुन रुपमा हेर्नु भएको छ ?**

- राहत वितरण गर्नु नै अहिलेको समयमा सबैभन्दा राम्रो कार्य हो । किनभने १८-२० दिनदेखि मुलुक ठप्प छ । यो अवस्थामा साच्चै मजदुर,

*(बाँकी अन्तिम पृष्ठमा)*

## प्रादेशिक अस्पतालमै भेन्टिलेटर छैन

**बिर्तामोड, चैत ३०।** कोरोना संक्रमितको उपचारका लागि मेची अञ्चल अस्पताल भद्रपुरमा २५ शय्याको आइसोलेसन कक्ष तयार गरिएको छ ।

जहाँ नोवल कोरोना भाइसर कोभिड-१९का शंकास्पद सात जनालाई राखेर उपचार गरिएको छ । उपचारका क्रममा स्वाव परीक्षण गर्दा उनीहरुमा कोरोना भाइरस कोभिड-१९ को संक्रमण नदेखिएपछि उनीहरुलाई घर पठाइएको छ ।

कोरोना संक्रमितको उपचारका लागि मेची अञ्चल अस्पताललाई आइसोलेसन कक्ष सहितको उपचारकेन्द्र बनाए पनि अस्पतालमा भेन्टिलेटर सहितको सेवा भने उपलब्ध छैन । प्रादेशिक अस्पतालका रुपमा रहेको सो अस्पतालमा एउटा मात्रै भेन्टिलेटर रहेको छ । जुन भेन्टिलेटर आइसीयु (सघन उपचार कक्ष) कोठामा रहेको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. पिताम्वर ठाकुरले बताए । कोरोना संक्रमितको उपचारका लागि भनेर छुट्टै अस्पतालमा भेन्टिलेटरसहितको सेवा छैन- डा. ठाकुरले भने- आइसीयु कक्षमा भएको एउटा भेन्टिलेटरले समेत राम्रो सेवा दिनसकेका छैनौं । कोरोना संक्रमितको उपचारका लागि झापामा भेन्टिलेटर सहितको व्यवस्था हुनुपर्ने नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकाल बताउँछन् ।

यता जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेलले प्रादेशिक अस्पतालका रुपमा रहेको मेची अस्पतालमा भेन्टिलेटरको व्यवस्थापन गर्न आफूहरु लागीपरेको बताएका छन् । संघीय सरकारले भेन्टिलेटर खरिदका लागि एक करोड रुपैयाँ गत चैत २ गते नै प्राप्त भएपनि विभिन्न कारणले भेन्टिलेटर खरिद गर्न र आइसोलेसन कक्षमा राख्न नसकिएको उनले बताए । भेन्टिलेटर खरिदको प्रक्रिया तत्काल मिलाएर मेची अञ्चल अस्पतालामा भेन्टिलेटर सहितको आइसोलेसन कक्ष तयार गर्ने उनको भनाइ छ ।

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैकमा **'कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष'** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



कोरोनाको आयुर्वेदिक उपचार

## वैज्ञानिक परीक्षण गर्न भारतमा कार्यदल

**गोवा, चैत ३०।** भारतमा कोरोनाभाइरसविरुद्धको आयुर्वेदिक उपचारलाई वैज्ञानिक रुपमा प्रमाणित गर्न कार्यदल गठन गरिएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीले नै कार्यदल गठन गरेर आयुर्वेदिक उपचार पद्धतिबाट कोरोनाभाइरसको उपचार हुन्छ कि हुँदैन परीक्षण गर्न र वैज्ञानिक रुपमा पुष्टि गर्न निर्देशन दिएका छन् । आइसीएमआरजस्ता निकायहरुसँग समन्वय गरेर यसका बारेमा अध्ययन गर्न प्रधानमन्त्री मोदीले लगाउनु भएको आयुर्वेद र योगसम्बन्धी संघीय राज्यमन्त्री श्रीपद वाई नाइकले जानकारी दिए ।

एएनआईसँगको कुराकानीका क्रममा राज्यमन्त्री नाइकले भने- कोरोनाभाइरसको आयुर्वेदिक तथा परम्परागत उपचारका बारेमा वैज्ञानिक रुपमा परीक्षण तथा पुष्टि गर्न प्रधानमन्त्री मोदीले नै एउटा कार्यदल बनाएर परिचालन गर्नुभएको छ ।

आयुर्वेदिक उपचार पद्धतिका बारेमा आफूहरुसँग झण्डै दुई हजार प्रस्तावहरु आएको र ती सबैको अध्ययन र परीक्षण गरिने जानकारी दिए ।

## लडेर एक महिलाको मृत्यु

**ओखलढुङ्गा, चैत्र ३०।** ओखलढुङ्गा खिजिदेम्बा-३ चण्डेश्वरी बस्ने ५२ बर्षीया अलोकमाया सुनुवारको लडेर मृत्यु भएको छ ।

चण्डेश्वरीस्थित गोरेटो बाटोमा हिँडिरहेको अवस्थामा एक्कासी ५० मिटर तल खसी ढुंगामा ठोक्किन पुग्दा अलोकमायाको घटनास्थलमै मृत भएको स्थानीयले प्रहरीमा जानकारी गराएका हुन् । घटनाको जानकारी पाउन साथ प्रहरी टोली खटी गई कानूनी कारबाही तथा घटना सम्बन्धमा अनुसन्धान भइरहेको रहेको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाले जनाएको छ ।

## बुबाको हत्या गरेको अभियोगमा पक्राउ

**झापा, चैत ३०।** हँसिया प्रहार गरी आफ्नै बुवाको हत्या गरेको अभियोगमा कृष्णपुर नगरपालिका-४ लालीगुराँस टोल बस्ने २४ वर्षीय सिमन रानालाई प्रहरीले पक्राउ गरेको छ ।

५५ वर्षीय बाबु तौला रानालाई घरको आँगनमा हँसिया प्रहार गरी हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गुलरिया र ईलाका प्रहरी कार्यालय झलारीबाट खटिएको प्रहरीले सिमनलाई पक्राउ गरेको हो ।

# महामारीमा भ्रष्टाचार !



**सीमा त्रिताल**

> भ्रष्टाचार सामाजिक अपराध हो । दण्डहीनता अन्त्य गर्न देशको कानून एउटै किसिमले लागू हुनुपर्छ । यसका लागि सबैको लागि समान हुनुपर्छ । त्यसकारण न्याय निष्पक्ष, सत्य-तथ्य, राजनीतिबाट पर र उच्च निष्ठा भएको हुनुपर्छ । जब न्यायालय नै स्वतन्त्र नभए अरू निकायबाट के अपेक्षा गर्ने ? त्यसकारण भ्रष्टाचारीलाई कडा कारवाही हुनु जरूरी छ ।

कोरना विश्वमा महामारी बनेको छ । अहिलेसम्म करिब एक लाख मानिसको ज्यान लिइसकेको छ । कोरनाको अगाडि महाशक्ति राष्ट्रहरुले सरेन्डर गरेको छ । अमेरिका अहिले कोरना इपिसेन्टर बनेको छ । अमेरिकामा संक्रमितको संख्या पाँच लाख नाघिसकेको छ भने मर्ने संख्या लगभग बीस हजारभन्दा माथि छ । इटाली, स्पेन, फ्रान्स र इरानले ठूलो जनधनको क्षति व्यहोरेका छन् ।

विभिन्न देशले कोरना भाइरसको रोकथामको लागि अर्वौ डलरको प्याकेज घोषणा गरेको छ । तर, नेपालमा स्वास्थ्य सामग्री खरिदमा अनियमिता गरेको भन्दै उपप्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेल र स्वास्थ्य तथा जनसंख्या मन्त्री भानुभक्त ढकालबिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । उजुरी दिने अधिवक्ता दिनेश त्रिपाठीले यथास्थिति पक्राउ गरी अनुसन्धान गर्न माग गरेका छन् । सरकारको चर्को आलोचना पछि सरकारले ओम्नी विजनेस कर्पोट इन्टर्नेशनलसँगको स्वास्थ्य सामग्री खरिद सम्बन्धी सम्झौता खारेज गरेको छ ।

सरकारले सम्झौता खारेज गरेसँगै अनियमिता भएको प्रष्ट भएको छ । यदि सरकारले ओम्नी कर्पोटलाई दिएको सम्झौता नियमपूर्वक छ भने खारेज किन ? केही साता अगाडि चीनको राजदुतवासले नेपालसँग अतिआवश्यक स्वास्थ्य साम्रगीको लिष्ट मागेको थियो तर सरकारले कुनै लिष्ट पठाएन ।

तर, पनि चीनले केही अतिआवश्यक स्वास्थ्य सामग्री बेजिङ्ग स्थित नेपाली राजदुतावासलाई हस्तान्तरण गऱ्यो । ती सामग्री यथाशीघ्र नेपाल पठाउन चाहन्थे तर पराष्ट्र मन्त्रालयले कुनै चासो देखाएन । किनभने यता औषधि खरिद सामग्रीमा ठूलो अनियमितताको चहलपहल शुरु भइसकेको थियो । दुई दिन नबित्दै स्वास्थ्य सामग्री खरिदमा अनियमितता भएको खबर बाहिर आयो । अन्त्यमा त्यही भयो जुन नेपाली जनताले सोचेका थिएनन् ।

औषधि सामग्री खरिद प्रकरणमा ठूलो भ्रष्टाचार भएको देखिन्छ तर अख्तियारले अहिलेसम्म यो बिषयतिर फर्केर हेरेको पनि छैन । नेपालको इतिहासमा विभिन्न समयमा ठूल्ठूला भ्रष्टाचार हुँदै आएको छ तर दोषीलाई कार्वाही भने हुँदैन । किनकि यहाँ उल्टो छ कारागारमा अख्तियार छ बाहिर दोषी छ । राजनीतिज्ञले आफ्नो स्वार्थ पूरा गर्नलाई अख्तियारलाई निष्क्रिय बनाएका छन् । अख्तियारलाई रिमोट जस्तो बनाएको छ । भ्रष्टाचार नेपालको मुख्य समस्या हो । प्रमुख पार्टीका नेताहरुले अख्तियारलाई बर्षौदेखि कारागार जस्तै बन्द गरेर राखेका छन् ।

अहिले बिषम परिस्थितिमा राज्यले जनताको साथमा छ भन्ने विश्वास दिने खालको योजना आउनु पर्ने बेलामा औषधि खरिद प्रकरणमा भ्रष्टाचार भएको छ । जनताको विश्वास तुहिएर गएको छ । नेपालमा भ्रष्टाचारको बिषय सामान्य भएको छ ।

तर, यस्तो महामारीको बेला अनियमितता गर्नु नेताहरुको नियत प्रष्ट भएको छ । हुन त २०७२ सालको भूकम्पमा विभिन्न दाता निकायबाट सहयोग पाएको रकम त पीडितले सम्पूर्ण किस्ता अहिलेसम्म पाएका छैनन् । प्रधानमन्त्री कोरोना रोकथाम कोषमा करिव दुई अर्ब जम्मा भएको छ । तर लक्षित ठाउँमा खर्च हुन्छ भने विश्वास गर्ने अवस्था छैन । प्रधानमन्त्रीले राष्ट्रको नाममा सम्बोधन गरे पनि तर देशमा यत्रो ठूलो अनियमितता भएको बिषयमा मुख खोलेका छैनन् ।

केही सञ्चारमाध्यमका अनुसार प्रधानमन्त्रीको सल्लाहकार, नेताका छोराछोरीको प्रत्यक्ष संलग्तामा अनियमितता गर्ने उद्देश्यले तीन वटा समूह बनेको छ । यस्ता गम्भीर बिषय आउँदा समेत सरकारले कुनै छानविन समिति बनाएको छैन । नेपाली जनता ले देखेका सम्बृद्ध नेपाल बनाउने सपना गर्भमा नै तुहिएको छ । यसको कारक भ्रष्टाचार रहेको छ ।

**भ्रष्टाचार गर्नेमा पहिलो राजनीति र दोस्रो कर्मचारीतन्त्र**

विश्वमा भ्रष्टाचार मापन गर्ने संस्था ट्रान्फरेन्सी इन्टरनेशनलको ग्लोबल कर्पोसन प्यारोमिटर अनुसार नेपालमा राजनीति भ्रष्टाचार पहिलो नम्बरमा र कर्मचारीतन्त्रको भ्रष्टाचार दोस्रो नम्बरमा रहेको छ । ट्रान्सफरेन्सी इन्टरनेश्नलले सन् २०१९मा १८० राष्ट्रमा गरेको अनुसन्धान अनुसार भ्रष्टाचार सूचाङ्कमा नेपाल ११३औं स्थानमा छ । त्यस्तै महालेखापरीक्षकका अनुसार विभिन्न योजनामा गत वर्ष दुई करोड १५ लाख बिलभन्दा बढी भुक्तानी गरेको थियो । भुक्तानीमा शून्य थप्दै भुक्तानी दिँदै आएको छ । त्यसअनुसार ठेकेदारलाई १० हजार दिनुपर्नेमा एक लाख र २० हजार दिनुपर्ने ठाउँमा दुई लाख रुपैयाँ दिएको थियो । यसरी शून्य थपेर राज्यकोषको दोहन भएका प्रमाणहरु महालेखाले भेटेपछि गत वर्ष महालेखाले प्रतिवेदन आउनुभन्दा अगाडि नै चिट्ठी लेखेर मुख्य सचिव राष्ट्रपति र संसदलाई जानकारी दियो । तर, सरकारले सामान्य चेतावनी दिएर छाडियो ।

पछिल्ला अध्ययनहरुले नेपालमा हरेक वर्ष विभिन्न नयाँ स्वरुपबाट भ्रष्टाचारजन्य गतिविधि बढिरहेको देखाएको छ । त्यसमध्ये एउटा विकास निर्माणको काममा बढी पैसा भुक्तानी दिएर हुने भ्रष्टाचार । सार्वजनिक सेवाको वितरण गर्दा सेवाग्राहीसँग मनपरी पैसा लिने ।

पछिल्लो समय भने विकास-निर्माणका नाममा खोला नै नभएको ठाउँमा नहर र बाटो नभएको ठाउँमा पुल निर्माण गरेर समेत भ्रष्टाचार हुने गरेको भेटिने गरेको छ । तर, सरकारले राज्यकोषमाथि त्यस्तो आर्थिक अपराध गर्ने कर्मचारीहरुलाई सामान्य कारबाही गरेर उन्मुक्ति दिँदै आएको छ । यस्तो गम्भीर अनियमिता बाहिर आउँदा पनि राज्यले दोषीलाई कार्वाही गरेको देखिँदैन । अहिले कोरोना भाइरसको महामारीले मानव सभ्यता संकटमा छ, विश्व नै एकजुट भएर संघर्ष गरिरहेको छ तर नेपालमा यस्तो परिस्थितिमा अनियमिता भएको छ । यसबाट नेताहरुको नियति प्रष्ट भएको छ ।

**कडा कारवाही भए नियन्त्रण हुन्छ भ्रष्टाचार**

भ्रष्टाचार नेपालमा सबै ओहोदामा एउटा 'संस्कृति' बनेर बसेको छ । नेपालको इतिहासमा भ्रष्टाचारका काण्डहरु सानो ठूलो गरी हजारौं संख्यामा छ, तर दोषीले सजाय पाएको औलामा गन्न सकिन्छ । भ्रष्टाचार एक दुई वर्षमा निवारण हुँदैन धेरै वर्षको निरन्तर प्रयासबाट हुन्छ । प्रत्येक वर्ष केही न केही सुधार गर्दै जानुपर्छ । भ्रष्टाचार सबैभन्दा धेरै हुने ठाउँ राजनीतिलाई पारदर्शी बनाउन जरुरी छ । पार्टी तथा नेताको सम्पतिको पारदर्शिता अनिवार्य हुनु जरुरी छ । जनतालाई सेवा गर्न उद्देश्यले राजनीतिमा पुगेको हुन्छ । राजनीतिमा मासिक वा वार्षिकी तलव भत्ता हुँदैन तर पनि नेताको लगाई खुवाई सामान्य मानिसको भन्दा धेरैमाथि हुन्छ । कसरी ? नेपालमा भ्रष्टाचार नियन्त्रणको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धिकरण छानविन समिति र सतर्कता केन्द्र हुन् । यि सबै राज्यको अङ्गमा राजनीति नियुक्ति हुन्छ यसकारण भ्रष्टाचारीको सत्यतथ्य छानविन हुँदैन । यी निकायहरु काम कर्तव्य ठीकसँग नहुँदा भ्रष्टाचारको रोकथाम हुँदैन । जसबाट भ्रष्टाचारी सजिलै उम्किन्छ र यसबाट झन् अरुले भ्रष्टाचार गर्न प्रोत्साहन पाउँछ ।

भ्रष्टाचारलाई शिक्षाको माध्यमबाट पनि रोकथाम गर्न सकिन्छ । स्कूल स्तरबाट नै भ्रष्टाचारलाई पाठ्यक्रममा समावेश गर्नु पर्छ । साथै राजनीतिलाई गाउँस्तरबाट नै भ्रष्टाचार सम्बन्धी प्रशिक्षण दिँदै आउनुपर्छ । सरकारी सेवा वा स्रोत परिचालनमा भइरहेको राजनीतिकरणलाई रोक्न सक्नुपऱ्यो । हरेक क्षेत्रमा अदालतदेखि संवैधानिक निकायसम्म अनुभव, दक्षता र योग्यताका आधारमा हुनुपर्छ पार्टी, नेता वा व्यक्तिप्रतिको लगावका आधारमा गरिने नियुक्ति रोक्नुपर्छ ।

नेपाल विकासशील मुलुक हुन यहाँ दण्डहीनता व्यापक छ । जस्तोसुकै गम्भीर अपराध गरेता पनि आफ्नो वा पार्टीको मान्छेलाई बचाउने चलन छ । भ्रष्टाचार सामाजिक अपराध हो । दण्डहीनता अन्त्य गर्न देशको कानून एउटै किसिमले लागू हुनुपर्छ । यसका लागि सबैको लागि समान हुनुपर्छ । त्यसकारण न्याय निष्पक्ष, सत्य-तथ्य, राजनीतिबाट पर र उच्च निष्ठा भएको हुनुपर्छ । जब न्यायालय नै स्वतन्त्र नभए अरु निकायबाट के अपेक्षा गर्ने । त्यसकारण भ्रष्टाचारीलाई कडा कारवाही हुनु जरुरी छ ।

अन्त्यमा, नेपालमा भ्रष्टाचार हुनु कुनै नौलो कुरा होइन । इतिहासको विभिन्न कालखण्डमा भ्रष्टाचार भएकै हुन । धेरै पर जानै पर्दैन केही महिना अगाडि ४ अर्ब ३५ करोड ५६ लाखको वाइडबडी प्रकरण २८ अर्बको सेक्युरिटी प्रेस खरिद प्रकरण, अर्ब भन्दामाथिका ललित निवास प्रकरण र अहिले औषधि सामग्री खरिद प्रकरण । तर, महत्वपूर्ण कुरा के छ भने यी सबै प्रकरणमध्येबाट कुनै एक जना पनि कारगारमा छैन ।

तल्लोदेखि संवैधानिक निकायसम्म राजनीति नियुक्ति छ, जसले गर्दा आफ्नै बिरुद्धमा कानून कार्यान्वयन गर्दैन । एक पछि अर्को पार्टीले राज्यको ढिकुटी दोहन गर्छ । त्यसकारण भ्रष्टाचार निवारण अभियानलाई स्कूलदेखि विश्वविद्यालयसम्म, राज्यका सम्पूर्ण पेश र तप्काहरुको सहकारिताले गर्दा भ्रष्टाचार उन्मुलन सम्भव छ । त्यसकारण आऊ हातेमालो गरौं, सबै मिलि भ्रष्टाचारमुक्त देश निर्माण गरौं ।

# लकडाउन: 'व्यायाम र खानपिनमा ध्यान दिऊँ'

**झापा, चैत ३०।** यतिबेला कोरोना भाइरसबाट जोगिन सरकारले लकडाउन गरेको छ । यसबाट सबैभन्दा बढी प्रभावित हुनेमा खेलाडी र प्रशिक्षक समेत हुन् ।

कुनै पनि खेलमा राम्रो नतिजा ल्याउन प्रशिक्षणमा नै बढी जोड दिनुपर्ने हुन्छ । प्रशिक्षकले खेलाडीलाई बढीभन्दा बढी अभ्यासमा संलग्न गराउनुपर्छ । यदि यस्तो हुन सकेन भने प्रशिक्षक र खेलाडी दुवैले खेलबाट सफलता प्राप्त गर्न सक्दैनन् ।

परिस्थिति पहिलाको जस्तो छैन । अहिले कोरोना भाइरसका कारण अरु नागरिकसरह प्रशिक्षक र खेलाडी पनि घरमै कैद छन् । यसको दीर्घकालीन असर पर्न सक्ने खतरातर्फ सचेत गर्दै हरेक खेलका प्रशिक्षकले आफ्ना खेलाडीलाई घरमै व्यायाम र खानपिनमा ध्यान दिन सचेत गराउँदै आएका छन् । मनलाग्दी ढङ्गले खाएपछि ठूलो असर गर्छ- राष्ट्रिय भलिबलका प्रशिक्षक जगदीशप्रसाद भट्ट भन्छन्- प्रत्येक खेलाडीले व्यायाम र खानपिनमा ध्यान दिनैपर्छ, यसो गर्न नसके धेरै हानी व्यहोर्नुपर्ने हुन्छ ।

हाल झापाको विर्तामोडस्थित घरमा रहेका कराँतेका मुख्य प्रशिक्षक मदन उप्रेती बिहान बेलुका नियमित रूपमा अभ्यास गर्न गराउन आफू मातहतका प्रशिक्षक र खेलाडीलाई सल्लाह दिँदै आएका छन् । खानमा जोड दिने होइन, व्यायाममा ध्यान दिनुपर्छ- उनले भने- दिनमा सकभर नसुत्न भनेको छु, युट्युबमा कराँतेका 'टेकनिक' हेर्न सल्लाह दिने गरेको छु । लकडाउन शुरु हुन केही दिनअघि मात्र महेन्द्रनगर घर फर्किएका प्रशिक्षक भट्ट घरमै बसेर आफ्ना खेलाडीसित सम्पर्कमा रहेका छन् । उनले अधिकांश समय खेलाडीलाई सचेत गराउन सामाजिक सञ्जालको प्रयोग गर्दै आएका छन् । म देशभरका भलिबल खेलाडीलाई सधैँ सचेत गराउँदै आएको छु, एशियन सेन्ट्रल जोन महिला भलिबलमा पहिलोपटक स्वर्ण पदक दिलाएका उनले फोनमा कुरा गर्दै भने- खेलाडीले घरभित्रै वा आँगनमा भए पनि व्यायाम गर्नैपर्छ । व्यायाम र खानपिनमा ध्यान नदिए खेलमा दीर्घकालीन असर पर्नेबारे उनले खेलाडीलाई सचेत गराउँदै आएकाछन् । दुई दशकदेखि उनी आफैँ पनि घरमा छोरीहरुका साथ नियमित व्यायाम र भलिबल खेल्दै आएका छन् ।

कैलालीको टीकापुर घर भएका क्रिकेट प्रशिक्षक जगत टमाटा लकडाउनका कारण काठमाडौँमै थन्किए । छोरा र भान्जाका साथमा बस्दै आएका उनी पनि नियमितरूपमा खेलाडीको सम्पर्कमा रहेका छन् । यसका लागि उनले पनि सामाजिक सञ्जालको प्रयोग गरिरहेका छन् । सरकारले जारी गरेको लकडाउनको पालना गर्न खेलाडीलाई सचेत गराउँदै आएको छु, यो हाम्रै लागि हो- उनले भने- खेलाडीले व्यायाम गर्न भने छाड्नुहुन्न, टन्न खाएर सुते बर्बाद हुन्छ भनेर सम्झाउने गरेको छु । विगतमा आफैँले खेलेका खेल तथा विश्वका उत्कृष्ट क्रिकेट खेलाडीको खेल प्रदर्शन पाएसम्म युट्युबमा खोजीखोजी हेर्न प्रशिक्षक टमाटाले खेलाडीलाई सल्लाह दिँदै आएका छन् ।

फुटबल प्रशिक्षक रवीन्द्र श्रेष्ठ बाँकेको नेपालगञ्जमा घरमै व्यायाम गरिरहेका छन् । चाहे कोठामा होस् वा आँगनमा उनी व्यायाम गर्न भने छाड्नुहुन्न । जुनसुकै परिस्थितिमा पनि प्रशिक्षण र व्यायाम जारी राख्नुपर्छ- उनले सुझाव दिए-मैले आफ्ना खेलाडीलाई फोन गरेरै पनि सल्लाह दिँदै आएको छु, यसो नगरे पछि हामीलाई खेलमा फर्कन गाह्रो हुन्छ । श्रेष्ठले पनि अहिले सामाजिक सञ्जालको अत्यधिक रूपमा प्रयोग गर्ने गरेको बताए ।

### सीमा ...

तहले र भारतमा रहेका नेपाली नागरिकलाई भारत सरकारले आवश्यक प्रबन्ध गरेको छ ।

प्रवक्ता डा. देवकोटाका अनुसार शान्ति सुरक्षा तर्फको कार्य समूहले उपलब्ध गराएको विवरण अनुसार गत चैत ११ गतेदेखि लागू भएको लकडाउनका क्रममा हालसम्म कूल ५७ हजार तीन सय १३ जनाले उल्लंघन गरेको पाइएको छ । बिना काम सार्वजनिक स्थानमा गएको र आफूखुशी हिडेकालाई प्रहरीले पक्राउ गरेको हो । तीमध्ये ५७ हजार तीन सय २ जनालाई केही समय राखेर रिहा गरिएको छ ।

यस्तै ३२ हजार सात सय २४ वटा सवारी साधन समेत सो अवधिमा पक्राउ परेको छ । ती सवारीमध्ये २७ हजार चार सय ४२ वटालाई छाडिएको छ । उनले लकडाउनको उल्लंघन नगर्न र कानूनको परिपालना गर्न समेत आग्रह गरे । सीसीएमसीमा शान्ति सुरक्षाको सम्पूर्ण काम तथा विवरण भने गृहमन्त्रालयले उपलब्ध गराउने गरेको छ । देशका विभिन्न स्थानमा रहेका ४ हजार ४६ विदेशी पर्यटकलाई विभिन्न माध्यमबाट उद्धार गरी काठमाडौँ ल्याई उनीहरुलाई स्वदेश फिर्ता गरिएको छ ।

### झापामा ...

विपन्नवर्ग ज्यादै ठूलो समस्यामा छन् । उनीहरुका लागि अहिले के खाउँ भरे के खाउँ भन्ने समयमा राहत वितरण गर्नु आफैमा [redacted] अहिले [redacted] कसरी [redacted] भन्ने हो[redacted] अरुलाई[redacted] मान्नु [redacted] तर, [redacted] छ भने-[redacted] पाइँदैन[redacted] गरिनप[redacted] गरीको [redacted] राहत [redacted] राहत [redacted] रहे पनि[redacted] राहतम[redacted] पहिलो [redacted] दोस्रो च[redacted] गरियो भने समस्या हुनसक्छ । तसर्थ, राहत वितरणमा एकरुपता ल्याउन जरुरी छ ।

नेपाल रेडक्रस सोसाइटीले तीन/चार चरणमा राहत वितरण गर्छ । पहिलो अति विपन्नवर्गलाई नै पहिचान गर्दै राहत बाँढ्ने गरेको छ । त्यस्तै स्थानीय पालिकाले पनि टोल विकास समिति मार्फत त्यस्ता वर्गको पहिचान गरेर राहत वितरण गर्नुपर्छ । घरभरि भकारीमा धान छ भने उसलाई पहिलो प्राथमिकतामा राहत चाहिँदैन । उसको ठाउँमा मजदुर वर्गलाई छनौट गरेर दिन सकेको खण्डमा विवाद हुँदैन । त्यसरी स्थानीय तहले राहत वितरण गर्न सकिरहेका छैनन् ।

**कोरोना संक्रमित बिरामीको उपचारका लागि मेची अञ्चल अस्पतालमा भेन्टिलेटरसहितको आइसोलेसन कक्ष तयार गरिएको छ । अस्पतालमा भेन्टिलेटर सहितको व्यवस्था हुन जरुरी छ या छैन ?**

- मेची अञ्चल अस्पतालमा तयार गरिएका २५ शय्याका आइसोलेसन कक्ष उत्कृष्ट छन् । तथापि त्यहाँ भेन्टिलेटरको व्यवस्था छैन । यो एकदमै जरुरी छ । प्रदेशको एक मात्र प्रादेशिक अस्पताल हो मेची अञ्चल अस्पताल । यहाँ भेन्टिलेटरसहितको कोरोनाको उपचार गर्ने व्यवस्था हुनुपर्छ । त्यो गर्न सकिरहेको अवस्था छैन, अहिले झापामा ।

जस्तै नेशनल ट्रेनिङ सेन्टर धरानलाई १० वेडको भेन्टिलेटरसहितको प्रदेश स्तरकै कोरोना उपचार केन्द्र बनायो । सरकारले त्यस्तै झापाको भद्रपुरमा रहेको मेची अञ्चाल अस्पताललाई पनि भेन्टिलेटरसहितको उपचार केन्द्र बनाउन जरुरी छ । प्रादेशिक अस्पताल भनिएका कारण यो कोरोनाको उपचार गर्ने पूर्वको एक मात्र अस्पताल हो । कोशी अञ्चल अस्पताल केन्द्रको अस्पताल हो । तसर्थ प्रादेशिक अस्पतालमा नै भेन्टिलेटर नहुनु दुखद् पक्ष हो ।

यहाँ भेन्टिलेटर नभएका होइनन् तर, भएका दुई वटा भेन्टिलेटर डायलासिसका लागि प्रयोग गरिन्छ । कोरोनाका लगि भनेर छुट्टै भेन्टिलेटर छैन ।

तसर्थ, कोरोनाको जोखिमलाई मध्यनजर गर्दै शुरुमै आवश्यक पर्ने श्रोत सामग्रीको जुटाउनुपर्ने अवस्था छ । यहाँ कोरोनाको आशंकामा सात जनाले स्वास्थ्य परीक्षणका लागि आइसोलेसनमा बसेर कोनोना नेगेटिभ देखिएपछि घर फर्किएको अवस्था छ ।

तर, यदि कोही कसैलाई कोरोना पोजेटिभ देखियो र उपचार शुरु गर्दा भेन्टिलेटरमा राख्नु पर्ने अवस्था आयोभने यहाँ भेन्टिलेटरमा राखेर उपचार गर्ने अबस्था चाहिँ छैन । तसर्थ मेचीमा भेन्टिलेटरसहितको व्यवस्था हुन अत्यान्त जरुरी देखेको छु मैले ।

**आकर्षक घडेरी बिक्रीमा**

**झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।**

**नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा**

**सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)**

**सस्तोमा घडेरी विक्री**

**झापाको बिर्तामोड-१, देवी पञ्चकन्या प्लटिङको उत्तरमा एक कठ्ठा आकर्षक घडेरी सस्तो मूल्यमा विक्रीमा रहेकोले खरिद गर्न इच्छुकले तत्काल सोझै सम्पर्क गर्नुहोला । मूल्य रु.४७ लाख मात्र ।**

**सम्पर्कः ९८२३७२६९७९**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

श्रीअ[redacted]ा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ [redacted] ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ [redacted]र प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## नयाँ वर्ष र अपेक्षा

वैदिक सनातनी परम्परा अनुसार आजदेखि नयाँ पात्रो शुरु भएको छ । विक्रम सम्वत् अनुसार ०७७ साल शुरु भएको आजको दिनले नयाँ र सृजनशील बन्न प्रेरित गर्नुपर्छ । निराशा, कुण्ठा, वितृष्णा र नकारात्मकताको तुवाँलो फटाउनु पर्दछ । नयाँ वर्षको नयाँ पात्रो, क्यालेण्डर र कार्यसूचीमा सुदूर भविष्यको उज्यालो आकाश देखिनुपर्छ । अहिलेसम्म अलमलिएको नेपालीको इच्छा, अपेक्षा, आकंक्षा र गन्तव्य प्रशस्त हुनुपर्छ ।

त्यसो त यो समय अनपेक्षित दुर्घटनामा परेको छ । कुनै एउटा अदृष्य कणले विश्वलाई नै हाहाकारमय बनाइदिएको छ । विन्दूभन्दा पनि सूक्ष्म जीवले दम्भ, ऐश्वर्य र अहम् मात्र होइन भौतिकवादी मानसिकतालाई समेत धुलोमा मिलाएको छ । कोरोना भनिएको त्यो अणुले ठूल्ठूला अस्त्रलाई निस्तेज र क्षीण बनाएको छ । त्यही पीडामा छौं हामी नेपाली पनि, प्रतिरोध वा प्रतिवाद गर्ने सामर्थ्य नभएर लुकेर बसेका छौं । यसैलाई बहादुरी भनेको छ विज्ञानले र अनुसन्धानहरूले पनि ।

हामी प्रत्येक नयाँ वर्षमा सुख, आनन्द, प्रगति र विकासको कामना गर्छौं । फेरि हाम्रा इच्छा थपिन्छन्, फेरि नवीनता खोज्छौं र नपाएर पानीको तृष्णाले छट्पटिएको, आकुल भएको काकाकुल बनिन्छौं । कस्तुरीले आफूसँगै भएको सुगन्ध अनुभूत गर्न नसके जस्तै मानव वनमा भौतारिन्छौं । यसैले शायद प्रकृतिलाई प्रतिकूल बनाएको छ र ऊ आफ्नो अस्तित्व रक्षाको खातिर अनेक नामको उपद्रो लिएर उपस्थित हुन्छ । त्यही उपद्रो मानवजातिको लागि बिनाशक बन्दछ । जुन अहिले कोरोना बनेर विश्व समाजलाई राहू भएको छ ।

प्रकृति जननी हुन्, उनको अनादर वा अवमूल्यन मानवका लागि घातक हुन्छ यो परिस्थितिले प्रमाणित गरिसकेको छ । त्यसैले त दिगो विकासको अवधारणा ल्याइएको हो । व्यक्ति वा स्वार्थकेन्द्रित कर्मले अन्ततः विनाश मात्रै हात पर्छ– शक्ति सञ्चय गर्न होड गर्नेहरूले हेक्का राख्नु पर्दछ । जे होस् आजदेखि शुरू भएको नयाँ वर्षले आ–आफ्नो हैसियतमा रहन र मौलिकतासँगै प्रकृतिमा मात्रै मानव जीवन सुरक्षित रहन सक्ने रहेछ भन्ने बोध गराओस् । हिजोसम्मका कटुता, इर्ष्या, द्वेष, वैमनस्यता हटाएर आपसी सद्भाव, प्रेम, सहिष्णुता र हार्दिकता सिञ्चन गराओस् । हाल बिकसित महामारीको समन गर्दै स्वस्थ र सुनिश्चित भबिष्यको आभा देखियोस् । बिकराल समस्याको रूपमा देखापरेको महाव्याधी सदाचार, अनुशासन, आत्मबल र धीरताले परास्त होस् । ज्ञान, विज्ञान, प्रविधि र भौतिकता प्रकृति अनुकूल सञ्चालन गर्ने सद्बुद्धि नमरोस् । समस्त प्राणीको रक्षा होस्, मानव तिनको संरक्षक बन्न सकोस्, नयाँ वर्षको मंगलमय शुभकामना ।

# नयाँ वर्षको सम्झना



दिपेन्द्र राउत

नयाँ बर्ष आउनुभन्दा एक महिना अगाडि हरेक पसलमा विभिन्न हिरो-हिरोनीको फोटो भएका पोष्टकार्डहरु पसल भरिएका हुन्थे । दोकानदारले पनि एकमा अर्को स्टीच हानेर हेरौं-हेरौं पारेर पसल भरी झुण्ड्याएर सजाएको हुन्थ्यो । स्कूलको टिफिन होस् कि छुट्टी समय पसल-पसलमा सवै स्कूलका विद्यार्थीहरु भीडभाड हुने गर्दथ्यो पोष्टकार्ड हेर्न र किन्न । अत्यन्तै सजावटका साथ पसलले पोष्टकार्ड राखेका हुन्थ्यो । अजग देवगण, सलमान खान, अमिर खान, अमिताभ बच्चन, जया पर्दा, श्रीदेवी लगायतका हिरो-हिरोनीको फोटाहरु अत्यन्तै राम्रा सँग पसल पसलमा हुन्थ्यो । कस्ले-कस्लाई पोष्टकार्ड पठायो स्कूलभरि चर्चा हुने गर्थ्यो अझ लभ परेका केटाकेटीमा त झनै पोष्टकार्डको महत्व थियो । पसल-पसलमा पोष्टकार्ड झुण्डिन थालेपछि नयाँ बर्ष आएको भान हुन्थ्यो । विशेषतः सात आठ कक्षामाथि पढ्ने केटाकेटीमा बढी नै प्रचलन थियो पोष्टकार्डको । अनि पोष्टकार्ड पछाडि लेखिने नयाँ बर्षका शुभकामनाका शव्दहरु झनै राम्रा राम्रा हुने गर्दथ्यो ।

यस्ता राम्रा-राम्रा सायरीहरु लेखिएको हुन्थ्यो अहिले सम्झदा रमाइलो लाग्छ ति दिन । नयाँ वर्षका दिनहरुले अहिले सम्झँदा त मनमा उर्जा आउँछ भने त्यो बेलामा कति रमाइलो हुन्थ्यो होला । समय फर्काउन सकिँदैन तर यादहरु फर्कन सक्छन् ति विगतका दिन लाउलाउ खाउखाउको त्यो बेला गोजीमा पैसा हुन्न थियो पोष्टकार्ड किन्न मन लाग्थ्यो । नयाँ बर्षमा साथीहरुलाई दिन मन लाग्थ्यो । पोष्टकार्ड पछाडि साथीले लेखेर पठाएको शुभकामना मेरो जीवनमा ठ्याक्कै पुग्छ जस्तै लाग्थ्यो । शुभकामनाका शव्दले मनमा हौसला मस्तिष्कमा जोस र शरीरमा फुर्ती ल्याउँथ्यो । मलाई लाग्छ यसरी नै धेरैको बाल्यकाल वित्यो होला । पोष्टकार्ड, कार्डका पछि लेखिने सायरी साच्चै रोचक र पढ्न लायक हुन्थ्यो । कस्को सायरी राम्रो भन्नेसम्म हुन्थ्यो । सायरीमा नै शुभकामना लेखिएको हुन्थ्यो । अहिले सम्झन्छु खोई अहिले त त्यस्ता सायरीहरु आउँदैन कति सम्झदा पनि ! त्यो वेलामा कसरी आउँथ्यो । यस्ता पल मेरो जीवनमा मात्र अवश्य आएन होला तपाइहरु धेरैको जीवन यसरी नै बित्यो होला हैन ? आज यो लेखिरहँदा नयाँ बर्षको वारेमा पुरानो याद आयो पहिलेको समय फर्केर हेर्दा मानस पटलमा ति दिनलाई छर्लङ्ग उतारियो । अनि सोचे आखिर नयाँ बर्ष कहिलेबाट मनाउन थालियो होला ? नयाँ बर्ष भनेको पोष्टकार्ड बाँड्ने महिना हो त ? त्योभन्दा अगाडि नयाँ बर्षको कुनै याद छैन । नयाँ बर्ष भनेको त्यही पोष्टकार्ड बाडेको मात्र सम्झन्छु । पोष्टकार्डमा लेखिएका शुभकामनाका शव्दहरु आज कति पुगेका छन्, कति पुग्न बाँकी होलान् अनि कति यो जीवनमा पुग्ने नै छैनन् कि भन्ने लाग्छ । सायद म १४/१५ बर्षको थिएँ, होला मलाई नयाँ बर्ष थाह हुन थालेको । साथीहरुसंगको सम्वन्ध अनि पोष्टकार्डको आदानप्रदान हिरो हिरोइनका तस्वीरमा लेखिएका सायरी तथा शुभकामना सन्देशले पनि साथीभाइसंगको सम्बन्ध प्रगाढ बनाएको थियो । धुलाम्य मौसम, टंटलापुर घाम, उराठ लाग्दो दिन अनि सुक्खा खेतीपातीमा बैशाख महिनाको आगमनले मौसम, बालीनालीमा परिवर्तन ल्याउने गर्दछ ।



प्राचीन राजा विक्रमादीत्यले शुरुवात गरेका यो सम्वत् नेपालको औपचारिक आधिकारिक सम्वत् पनि हो विश्वले इश्वी सम्वत्लाई लिएर गणना गर्दछन् भने नेपाल मात्र त्यस्तो देश हो । जसले विक्रम सम्वत्लाई लिएर क्यालेन्डर बनाइने गरिन्छ । विक्रमादीत्यले विक्रम सम्वत्को शुरुवात गरे पनि श्री३ चन्द्र शम्सेरको पालादेखि औपचारिक आत्मसाथ गरी आएको पाइन्छ । विक्रम सम्वत् अनुसार हरेक नयाँ बर्ष बैशाख महिनाको १ गते अर्थात् आजैबाट शुरु हुन्छ । विक्रम सम्वत् सूर्य सँग सम्बन्धित भएकाले महिनाहरु पनि ग्रह नक्षत्रका नामसंग सम्वन्धित छन् । नेपालको सम्वत् प्रणाली सूर्य पात्रोसँग सम्बन्धित रहेको छ । जव पृथ्वीमा सूर्यको एक परिक्रमा पूरा गर्दछ, त्यतिबेला चैत्र शुक्ल प्रतिपदा हुन्छ र सूर्य मिन राशीबाट पुनः मेष राशीमा प्रवेश गर्ने गर्दछ । यही बेला नयाँ बर्षको शुरुवात हुन्छ, जसलाई सूर्यको शून्य अंश पनि भनिन्छ । यसरी नयाँ वर्षको शुरुवात हुन्छ भन्ने ऐतिहासिक किम्वदन्ति रहेको छ । नयाँ बर्षमा मानिसहरुले नयाँ योजना नयाँ सोच, नयाँ काम नवीन विचारका माध्यमबाट जीवनयापनका नयाँ स्वादहरुको सपना बुन्ने गर्दछन् । आजभोलि नयाँ वर्ष कसरी मनाइने गरिन्छ ठ्याक्कै भन्न नसकिने छ ।

हिजो त्यो पोष्टकार्डबाट नयाँ वर्ष मनाउने प्रचलन आज हराएको छ न कुनै पोष्टकार्ड न कुनै चिज आज दिने लिने गरिएको छ । हिजोका दिनमा भावना साटासाट गर्ने माध्यम थियो, एकले अर्कालाई गरिने सम्मान थियो भने आज ति सबै मानिस व्यस्तताले गर्दा छोडिसके भनौं या चलन हराइसक्यो भनु । नयाँ वर्षसँगै क्यालेण्डर कस्ले दिन्छ भन्ने हुन्थ्यो । नयाँ वर्षसँगै छापिएको क्यालेण्डरमा दशै कहिले पर्‍यो, तिहार कहिले छ भनेर हेर्न तँछाडमँछाड हुन्थ्यो । पहिला-पहिला क्यालेण्डर कसैले छाप्दैनन् थिए, बजारबाट किनेर ल्याउनु पर्थ्यो । आज सवैले क्यालेण्डर छाप्छन् साच्चै भन्ने हो भने आज क्यालेण्डरले पसल ढाकिएको हुन्छ भने घरघरमा झुण्डिएको हुन्छ । आजको समयमा नयाँ वर्षसँगै विभिन्न सपिङ्ग मलमा नयाँ वर्षको छुट सुविधा हुन्छ , ठूल्ठूला कम्पनीले पनि नयाँ बर्षमा छुट सुविधा ल्याएको हुन्छ । आजभोलि नयाँ बर्षलाई एउटा पर्व जत्तिकै मनाउन थालिएको छ । धेरै परिवार नयाँ बर्षमा घुमेर मनाउने गर्छन् भने कोही परिवार घरमा नै परिवार भेला भएर, साथीभाइ भेला भएर मनाउने गर्दछन् । हिजोको पोष्टकार्डको जमाना आज सामाजिक सञ्जालभरि नयाँ वर्षका शुभकामनाले रंगीन बनाएको हुन्छ । हिजो साथीभाइलाई भेटेर प्रत्यक्ष कार्ड दिइन्थ्यो भने आज मोवाइलमा म्यासेज गरेर र सामाजिक सञ्जालमा एकमुष्ठ शुभकामना दिने गरिन्छ । हिजो र आजको समय धेरै फरक भएको छ । दिन प्रतिदिन नयाँ वर्ष मनाउने प्रचलन बढ्दै गएको छ ।

नयाँ वर्षको अवसरमा आपसमा सद्भावको आदान प्रदान गर्ने, शुभकामना लिने दिने, साथीभाइ इष्टमित्र भेटघाट गर्ने, वनभोज कार्यक्रमको आयोजना गर्ने, मठमन्दिरमा गई पूजाआजा गर्ने मीठामीठा परिकार खाएर हर्षोल्लास साथ मनाउने गरिन्छ । यस दिन नेपाल सरकारले सार्वजनिक विदा पनि दिने गरेको छ । विगतका नराम्रा क्रियाकलापलाई सच्याएर नयाँ जोस र जांगरका साथ आफ्नो कर्मक्षेत्रमा लागेर आर्थिक सामाजिक र सांस्कृतिक विकास गर्ने प्रेरण मिलोस् भन्ने कामना गरिन्छ । यस दिन होटल, रेष्टुरेन्टहरु धपक्कै सजाइएको हुन्छ । फुलेका आँप, लिच्ची, दाना पसेका नासपातीका हांगाहरु, लहलहाउँदा गहुंका बालाहरु र पोलेर खाने बेलाका मकैका बोटले पनि बसन्त आगमनको सुचक स्वरुप कुहु-कुहुको कोइलीको बोलीले पनि नयाँ वर्षको शुभकामना सन्देश प्रवाह गरेझै लाग्छ ।

हरेक वर्ष मनाइँदै आएको नयाँ वर्ष यस वर्ष भने सवैले घर-घरमा बसेर परिवारको माझमा मनाउनु पर्ने बाध्यता बनेको छ । नयाँ वर्षसँगै जीवनमा आउने उर्जाले अहिले कोरोनासँग लड्ने क्षमता बढोस् । नेपालमा नयाँ बर्षको प्रवेशसँगै विश्वमा फैलिएको कोरोना कोभिड-१९को सुरक्षाको लागि देशमा लकडाउन भएको अवस्थामा सवै नेपालीलाई कोभिड-१९ बाट रक्षा मिलोस् ।

# धन्य सामाजिक सञ्जाल !

**शेखर दाहाल**

कोरोना भाइरस अर्थात् कोभिड-१९ कहिलेदेखि र कहाँबाट मान्छेमा फैलियो ? केबाट फैलियो ? यो प्रकृतिकै कुनै जीवमा पहिल्यै थियो र मान्छेमा आयो कि कसैले ल्याबमा बनाएको जैविक हतियार हो ? यो कस्तो विषाणु हो ? यसका नातागोता कति छन् ? यो कुन भाइ हो ? यी प्रश्नको उत्तर वैज्ञानिकले भविष्यमा देलान् र पढ्न पाइएला नै ।

कोरोनाबारे मलाई यति थाहा छ- यो एउटा महामारी फैलाउने भाइरस हो । यसले धनी, गरीब, मास्टर, मिनिष्टर, लिटरवाला, मिटरवाला केही पनि भन्दैन । जसलाई पनि सर्न सक्छ । सरकारको आदेश मान्नुपर्छ । मान्छेसँग दूरी राख्नुपर्छ । भए कोहीकोही बेला करेसाबारी पस्नुपर्छ, नभए घरमै बस्नुपर्छ । बस्, कोरोनाका बारेको मेरो पूर्ण ज्ञान यही हो ।

म जस्तै तपाईंहरूले पनि यस युगमा घरमै थुनिएर बस्नुपर्ला भन्ने सोच्नुभएको थिएन होला । यो बन्दाबन्दी कटाउन हामीलाई सामाजिक सञ्जाल र सञ्चारमाध्यमले धेरै सहयोग गरे । यी नहुँदा हुन् त हाम्रो समय कसरी कट्थ्यो होला ? त्यतातिर नजाऊँ, यो सान्दर्भिक पनि छैन । यो समयमा सामाजिक सञ्जालमा जे देखियो, त्यसको संक्षिप्त चर्चा मात्र यहाँ गरेको छु ।

शुरु-शुरुमा मान्छेलाई लकडाउन हो कि नेपालबन्द हो, थाहै भएनछ । दिनभर घर बसेका मान्छे पाँच बजेपछि गुरुरु सहर पसेको देखियो । बोराका बोरा चामल, किलोका किलो दाल र चिनी किनेको, स्यानिटाइजर खोज्दै हिँडेको, एउटै परिवारमा सातवटासम्म ग्यासका सिलिण्डर थुनेको पनि सामाजिक सञ्जालमै देखियो । कोरोनादेखि पनि नडराएर लखरलखर बाटामा हिँड्ने मान्छेलाई प्रहरीले नीलडाम बस्ने गरी बजा'का र साँचाले समा'का दृश्य पनि देखियो । आफू सुत्ने खाटको तन्ना मिलाए कि मिलाएनन् तर धेरैले तन्नाका बुट्टा गन्न भ्याए, कतिले झ्यालका डन्डी र फुलेका कपाल गन्न भ्याए । टिकटक बनाएर प्रतिभा देखाउने र अर्काको फेसबुकमा रहेका पुराना फोटा बुस्ट गर्ने होडबाजी नै चल्यो । यो लकडाउनमा धार्मिक पक्ष पनि सशक्त नै देखियो । पण्डितजीले फेसबुक लाइभबाटै महामृत्युञ्जय मन्त्र जपेर र पुराण भनेर भक्तजनको मनमा शान्ति फैलाए । पास्टरले येशुका नाममा झाँक्री बसेर कोरोना भगाए र बाइबलका मन्त्र पढेर पायल्सलगायतका रोगको उपचार गरेर विश्वासीका मनको त्रास र शरीरको रोग दुवै भगाए । घरका श्रीमानहरू अरू बेला भान्सा कोठाको डाइनिङ टेबलभन्दाभित्र छिर्थे कि छिर्दैनथे तर यसपटक श्रीमतीलाई खुरुखरु भान्साका काममा सघाएको देखियो । गरिबले राहत नपाएर धुरुधुरु रोएको, धनीले राहत कुम्ल्याएर मुसुमुसु हाँस्दै हिँडेको पनि देखियो । हुँदाहुँदा अघिल्लो दिन '२५ जनाभन्दा धेरै एक ठाउँमा भेला हुन पाइन्न है' भन्ने मन्त्रीजीले भोलिपल्टै २५० भन्दा धेरै पत्रकार बोलाएर पत्रकार सम्मेलन गरेको देखियो ।

सामाजिक सञ्जालले शान्ति र हाँसो मात्र दिएन, कुनै-कुनै दृश्यले मान्छेका आँखा पनि रसाए । प्रहरी शान्ति सुरक्षाका लागि दिनरात नभनी डटेको, डाक्टर र नर्सले पीपीईविना पनि बिरामी बचाउन ज्यानको बाजी थापेर खटेको, डाक्टर र नर्स नै स्यानिटाइजरको लाइन बसेको, पत्रकारले दिनरात नभनी खट्नुपरेको, व्यापारीले कालोबजारी गरेको तर कारबाहीमा नपरेको, महाकालीपारि देश रोएको, निजी अस्पतालले बिरामी लिनै नमानेको, बिरामी छट्पटाई छट्पटाई एम्बुलेन्समै मर्नुपरेको जस्ता दृश्यहरू कम हृदयविदारक थिएनन् । ती पनि देखियो ।

झन् यो लकडाउनका समयमा यो देशका धर्मशास्त्री, अर्थशास्त्री, जीवशास्त्री, ज्योतिषी, पोषणविद्, कृषिविद्, वनस्पतिविद्, वातावरणविद्, कवि, लेखक, नेता, अभिनेता, वैज्ञानिकहरूले आफ्ना विचारहरू एकसे बढकर एक राखेका देखियो । कसैले कोरोना फैलिनुको कारण बताए । कसैले भविष्यप्रतिको चिन्ता जताए । कसैले जनचेतना जगाए, कसैले कोरोनाबाट बच्ने उपाय सुझाए ।

केही धर्मशास्त्रीले धर्मनष्ट भएर कोरोना फैलिएको देखे । ज्योतिषीले कोरोना फैलिनुमा सूर्य ग्रहणलाई दोषी ठाने । जीवशास्त्रीले प्राकृतिक जीवचक्रमा परेको असर बताए । वातावरणविद्ले वातावरण प्रदूषण नै यसको मूल कारण हो भनेर दावा गरे । खाद्यविद् र पोषणविद्ले खानाका अनेक परिकार सिकाए । सधैँ ह्विस्कीको चुस्की लगाउने मुखलाई पनि गुर्जोको झोल चखाए ।

अर्थशास्त्रीले देशको आर्थिक भविष्यको चिन्ता गरे । वनस्पतिविद्ले चुरे र चारकोसे मासिएकामा दुःख व्यक्त गरे । कृषिविद्ले तराईको जमिन काँक्रा चिरिएझैँ चिरिएकामा दुःख व्यक्त गर्दै यस्तै विपत्ति पर्ने हुँदा कृषिमा देश आत्मनिर्भर हुनुपर्ने सुझाव दिए । कवि, लेखक पनि पछि परेनन् । कसैले कोरोना रोक्न विज्ञानले केही गर्न नसकेकामा विज्ञानकै धज्जी उडाए । कसैले संवेदनाका गीत गाए । कसैले जनचेतना फैलाए । फेसबुक र ट्वीटरका मात्र विद्वानहरूले पनि धेरै ज्ञानगुनका कुरा सिकाए । कसैकसैको त नेपाली भाषामा लेखिएको स्टाटस पढ्दा लाग्थ्यो, नेपाल राष्ट्र बैंकको भावी गभर्नरमा तिनकै नियुक्ति हुँदै छ । यी सबै देखियो, पढियो ।

अपवादलाई छाडेर विषयविज्ञ र युवा जमातका धेरै लेख, रचना र टुक्रे अभिव्यक्ति हेर्दा लाग्यो, अब नेपालमा केही हुँदैछ । यहाँको प्रकृति संरक्षण हुँदैछ । देश कृषिमा आत्मनिर्भर हुँदैछ । अब देशका युवाहरू काम खोज्दै विदेश भौंतारिनेछैनन् । देशमै स्वरोजगारको बाटो खोजिनेछ । अब युवा जाग्नेछन्, देश विकासमा लाग्नेछन् । यी सबै देखियो, पढियो ।

तर, मलाई लाग्छ- यी सबै फुर्सदका गफ मात्र हुन् । २०७२ सालको भूकम्प र नाकाबन्दीमा हामीले यस्तै कुरा गर्‍यौं तर ती कुरा कति कार्यान्वयन भए ? देश केमा आत्मनिर्भर भयो ? राज्यले उत्पादनमूलक क्षेत्रमा कति लगानी बढायो ?

महासयहरू ! हामी नेपालीहरू सुध्रनका लागि बिग्रेका नि होइनौँ । यी त केवल समस्यामा पर्दा चलेका स्यालका हुइँया हुन् । समस्या सकिएको भोलिपल्टै हामी हाम्रै तालमा आइपुग्छौँ ।

हाम्रो पूर्वीय दर्शनले परोपकारका लागि वा समाज र राष्ट्रका लागि बाँच भन्छ । हामीले यसलाई आफ्नै उपकारका लागि बाँच भनेको बुझ्यौं ।

पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेदेखि नै हाम्रोमा आत्मोपकारका लागि बाँच्ने चलन चलेको देखिन्छ । शाह वंशीय राजा, महाराजाले भोग विलासका लागि रानी थुपारेको, रानीहरूले आफ्नो छोरो राजा बनाउन पाए आफ्नो आत्मोपकार हुन्छ भनेर गाँड कोराकोर गरेर देश ध्वस्त पारेको इतिहासमा हामीले पढेका छौं । राणाहरू आत्मोपकारमै रमाए । प्रजातन्त्रपछि यसका हिमायतीहरू आत्मोपकारमै लागेकाले पञ्चायत आयो । यसले पनि परोपकार गर्न सकेन ।

पुनः प्रजातन्त्र र गणतन्त्रको पनि हालत उस्तै छ । सबैले परोपकारलाई आत्मोपकार बुझे । उल्टो कुरा बुझ्ने चलन पुर्खादेखि नै चलिआएको संस्कार हो । यसको उल्लंघन गर्नुहुँदैन ।

म प्रसंगबाहिर जान्नँ । फेसबुकमा एक जना मित्रले कोभिड-१९को महामारीमा दिनरात नभनी आफ्ना जनताको ज्यान बचाउन खटिएका मन्त्रीजीप्रति व्यंग्य गरेर लेखेका थिए- 'विना सुरक्षा सामग्री कोरोना भाइरसको उपचारमा खटिएका डाक्टरको टोली मन्त्रीजी कहाँ पुगेर मन्त्रीजी ! यस्तै हो भने त हाम्रै काल आयो भनेका त मन्त्रीजीले माल आयो भनेको सुनेछन् ।'

उनको दाबी के कति सत्य हो, थाहा भएन तर यो विषयको पक्ष र विपक्षमा दोहोरी चलेको देखियो । पक्षका सबैले एकैपटक हनुमान र विपक्षका सबैले शकुनिको संज्ञा पाएको पनि देखियो । यसै प्रसंगको समाचार पनि रातारात अनलाइनबाट नै हराएको अर्को समाचार पनि पढियो । मन्त्रीजीले स्पष्टीकरण दिएको पनि देखियो । तर, उल्टो मात्र बुझ्न बानी परेका तपाईं हामीले उल्टै बुझे पनि त्यसमा मन्त्रीजीको दोष होइन, तपाईं हाम्रै दोष हुने हो । फेरि पनि भन्छु. हामी सुध्रँदैनौं । कोरोना त्रास मत्थर भएका भोलिपल्टबाट मच्चिनेहरू अस्तिझैँ मच्चिनै रहनेछौँ । घरमै थच्चिनेहरू थच्चिनै रहनेछौँ । काममा जोतिनेहरू जोतिई नै रहनेछौँ ।

यो समयमा कतिले नाम कमाए, कति भाइरल भए, कतिले कला सिके, कति लेखक र कवि बने । आफू भने खाँदै, बस्दै र सामाजिक सञ्जाल हेरेरै बिताइँदै छ । धन्न ! यो सामाजिक सञ्जाल थियो र यति धेरै ज्ञानगुनका कुरा सिक्न पाइँदै छ । यति लामो बन्दाबन्दीको समय कटाइँदै छ । सामाजिक सञ्जालका ती सबै पात्रको जय होस् ।

## आउ नयाँ बर्ष



कृष्ण ढकाल

आउ नयाँ बर्ष,
'कोरोनाको यो बन्देजलाई तोडेर आउ !
संक्रमितहरुको स्वास्थ्य सुधारको सन्देशलाई
जोडेर आउ !!'
अस्तव्यस्त यो दैनिकीलाई चिर्दै,
मानव जगतको संरक्षणमा नयाँ परिवेश लिएर आउ !!!
आउ नयाँ बर्ष,
'भ्रष्टाचारीलाई डाडां कटाउने गरि आउ !'
कमिसन तन्त्रको झोली फुटाउने गरी आउ !!
चुच्चो चेप्टो कालो गोरो नभनिकन,
सबै नेपालीलाई एउटै सुत्रमा अटाउने गरी आउ !!!
आउ नयाँ बर्ष,
'पासपोर्ट जलाउने हिम्मत लिएर आउ !
युवालाई स्वरोजगारको सन्देश दिएर आउ !!'
स्वदेशी वस्तु तथा सेवाहरुको प्रयोग गरी,
परनिर्भरताको जरैदेखि अन्त्य गर्दै आउ !!!
आउ नयाँ बर्ष
'मिचिएका भुभागहरु फर्काउने गरी आउ !
सिमानामा पर्खाल लगाउने गरि आउ !! '
देश चलाउनेलाई आत्मानिर्भरको पाठ पढाएर,
बिदेशी हस्तक्षेपमा शून्य सहनशीलता लिएर आउ !!!
आउ नयाँ बर्ष,
कर छल्ने ठूला कम्पनीलाई,
करको दायरामा राख्ने गरी आउ !
'लुटेर खान पल्केकाहरुलाई,
श्रम सिवीरमा जाक्ने गरि आउ !!'
जनताको पसिनाले आर्जित राष्ट्रिय ढिकुटीबाट,
अर्बौं-अर्बौं खानेहरुलाई कालकोठरीमा राख्ने गरी आउ !!!
आउ नयाँ बर्ष,
जिउँदै जनता जलाउनेहरुको चिहान खन्न आउ !
चरम असन्तुष्टि र अध्यारोलाई चिर्दै नयाँ बिहान बन्न आउ !!
'हजारौं निर्मलाहरुलाई न्याय दिन,
बलत्कारीको लिङ्ग छेदन गर्ने नयाँ कानून लिएर आउ !!!'
आउ नयाँ बर्ष,
कोरोनाको यो बन्देजलाई तोडेर आउ !
संक्रमितको स्वास्थ्य सुधारको सन्देशलाई
जोडेर आउ !!
आउ नयाँ बर्ष
सबैमा नयाँ जोस जागर र उत्साह लिएर आउ !!

# कोषमा रकम जम्मा, विपन्नलाई राहत





**बिर्तामोड, चैत ३०।** बिर्तामोड क्षेत्रमा रहेका विपन्न परिवारलाई खाद्यान्न तथा अत्यावश्यक सामग्री खरिदको लागि बिर्तामोड नगरपालिकाले स्थापना गरेको कोरोना संक्रमण रोकथाम तथा व्यवस्थापन राहत कोषमा वीरता जेसीज र वीरता लेडी जेसीजले आर्थिक सहयोग गरेको छ ।

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभिड-१९को संक्रमणबाट वच्न भइरहेको लकडाउनमा बिर्तामोड क्षेत्रमा रहेका विपन्न, अपाङ्ग, असहाय, दैनिक ज्यालादारी गर्ने व्यक्ति वा मजदुरको परिवार भोकै बस्न नपरोस् भन्ने उद्देश्यले खाद्यान्न तथा अत्यावश्यक सामाग्री खरिदको लागि वीरता जेसीज र वीरता लेडी जेसीजले ७६ हजार रुपैयाँ प्रदान गरेको हो ।

वीरता जेसीजका अध्यक्ष मिजास पोखरेल, महासचिव विकास बस्नेत, उपाध्यक्ष प्रभात मास्के, कोषाध्यक्ष प्रकाश सुवेदी, सदस्यहरु प्रविन खड्का, दिवाकर प्रसाईं र वीरता लेडी जेसीजकी अध्यक्ष सुस्मा पौडेल, कोषाध्यक्ष हिमा पौडेल, कार्यकारीणी उपाध्यक्ष कामना उप्रेती, संगीता चिमरीया, उपाध्यक्ष सुमित्रा भट्टराई , झुमा चुडाल लगायतले बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार सिवाकोटीलाई रकम हस्तान्तरण गरेका थिए ।

**२६ परिवालाई राहत**

बिर्तामोड नगरपालिका-६ र अर्जुनधारा नगरपालिका-११का अतिबिपन्न २६ घरपरिवारलाई राहत बितरण गरिएको छ ।

सामाजिक अभियन्ता गणेश ढुङ्गानाद्वारा विभिन्न दाताहरुबाट संकलित २६० केजी चामल, ४० केजी आलु, १३ केजी दाल, २६ पोका खानेतेल, २६ पोका नून, २६ घरपरिवारलाई बितरण गरिएको छ । तेस्रो हप्ताको लकडाउनले अति बिपन्न परिवारको चुलो बल्न रोकिएको कारण बुट्टाबारी अटोलेन्डका विभिन्न ग्यारेज सञ्चालकहरु खगेन्द्र कुँवर, किसनदेव चौधरी, सुमन साहु, शिवप्रसाद बास्तोला, सुवास राजवंशी, सतलाल चौधरी, समीर आलम लगायतले संयुक्त रुपमा खाद्यान्न उपलब्ध गराएका हुन् । अभियानका संयोजक जगतबहादुर मगर, जनप्रतिनिधि पर्शुराम खनाल, टोल समितिका अध्यक्ष कुमार राई, पत्रकार रञ्जित परियार लगायतले वितरण गरेका थिए ।

**राहत कोषमा एक महिनाको तलब**

मेचीनगरका विभिन्न संघ-संस्थालगायत व्यक्तिहरुले मेचीनगर नगरपालिका प्रकोप व्यवस्थापनको खातामा धमाधम राहत रकम र सामग्री जम्मा गरिरहेका बखत नगरपालिकाका जनप्रतिनिधिले समेत आफुले पाउँदै आएको एक महिनाको सेवासुविधा बापतको रकम सोही खातामा जम्मा गर्ने भएका छन् ।

झापाका १५ वटा स्थानीय तहमध्ये जनसंख्या र भौगोलिक दृष्टिकोणले सवैभन्दा ठूलो मानिएको मेचीनगर नगरपालिकामा १५ वटा वडा रहेका छन् । नगरप्रमुख उपप्रमुख, वडाध्यक्ष, वडा सदस्य तथा कार्यपालिकासहित मेचीनगर नगरकार्यपालिकामा कूल रहेका कूल ८० जना जनप्रतिनिधिहरुले बैशाख महिनामा आफूहरुले प्राप्त गर्ने सवै सेवासुविधा वापतको रकम खातामा जम्मा गर्ने निर्णय भएको नगर प्रमुख विमल आचार्यले बताए । जनप्रतिनिधिहरुले चैत महिनाको सवै सेवा सुविधा प्राप्त गरिसकेका कारण बैशाख महिनाको सेवासुविधा वापतको रकम जम्मा हुनेछ ।

यो निर्णय भए लगत्तै खातामा मेचीनगरका जनप्रतिनिधिहरुले एक महिनामा विभिन्न शीर्षकबाट प्राप्त गर्ने सुविधा बापतको १० लाख ५० हजार ३ सय ९० रुपैयाँ खातामा जम्मा हुने उपप्रमुख मीना पोखरेल उपतीको भनाइ छ ।

**मारवाडी सेवा समितिद्वारा एक लाख सहयोग**

मारवाडी सेवा समिति बिर्तामोडले विपन्न परिवारको राहतका लागि एकलाख एक हजार रुपैयाँ सहयोग गरेको छ ।

समितिका अध्यक्ष पवनकुमार अग्रवाल नेतृत्वको टोलीले नगर प्रमुख ध्रुवकुमार सिवाकोटीलाई नगदसहित खाद्य सामग्री हस्तान्तरण गरेको निवर्तमान अध्यक्ष सुरेशकुमार अग्रवालले बताए । समितिले १२५ किलो चामल, नुन तेल लगायतका खाद्य सामग्री सहयोग गरेको वडा सदस्य राहुल शर्माले बताए । मारवाडी सेवा समितिले विपन्न परिवारका लागि १८५ झोला राहत बाँडेको बताइएको छ ।

# सिरुवा नमनाउन अपिल



**बिर्तामोड, चैत ३०।** कोरोना भाइरस (कोभिड-१९) को जोखिमका कारण यस बर्ष सिरुवा पर्व विगत बर्षहरुमा जस्तो गरी नमनाउन राजवंशी विकास प्रतिष्ठान झापाले अपिल गरेको छ ।

विश्वव्यापी रुपमा फैलिएको कोरोनाको संक्रमण नेपालमा पनि बढिरहेकोतर्फ ध्यानाकर्षण गराउँदै जोखिम मोलेर सिरुवा नमनाउन प्रतिष्ठानले आग्रह गरेको छ । एक अपिल सार्वजनिक गर्दै प्रतिष्ठानले सोमबारदेखि शुरु हुने राजवंशी, ताजपुरिया, गनगाई, धिमाल, माझी, चौधरीलगायतका जातिको महान पर्व सिरुवा भीडभाड हुने गरी नमनाउन आग्रह गरेको हो ।

'सिरुवा हाम्रो महान चाड भए पनि यस बर्ष हर्षोल्लासका साथ मनाउन मनाउने अवस्था छैन'- प्रतिष्ठानका अध्यक्ष सुरेन राजवंशी भनेका छन् । उनले सिरुवा मनाउन खोज्दा त्यसबाट आफू, आफ्नो परिवार, समाज, देश र विश्वलाई पर्न सक्ने असरप्रति सजग बन्न आग्रह गरेका छन् ।

सोमबार नयाँ बर्ष २०७७ प्रारम्भ भएसंगै राजवंशी, ताजपुरियालगायत जातिको सिरुवा पर्व शुरु हुन्छ । उनीहरुले बैशाख १ गते पानी सिरुवा, २ गते काद सिरुवा र ३ गते रंग सिरुवा सामुहिक रुपमा खेल्ने गर्दछन् । यस अवसरमा झापा, मोरङलगायत जिल्लाका विभिन्न स्थानमा सिरुवा सांस्कृतिक कार्यक्रमहरु समेत आयोजना हुने गरेका छन् ।

तर, यस बर्ष कोरोना संक्रमणका कारण सामुहिक रुपमा सिरुवा खेल्ने तथा सांस्कृतिक कार्यक्रमहरु आयोजना नगर्न आग्रह गरेको उपाध्यक्ष इन्द्रसिंह राजवंशीले बताए । त्यस्तै कोरोनाकै कारण झापा र मोरङका विभिन्न स्थानमा लाग्दै आएका ऐतिहासिक सिरुवा मेलाहरु यस बर्ष स्थागित गरिएका छन् ।

## प्रदेश १मा २८२ जनाको रिपोर्ट नेगेटिभ

**विराटनगर, चैत ३०।** प्रदेश नं. १मा कोरोना भाइरसको आशङ्कामा थ्रोट स्वाबबाट रियल टाइम पोलिमरेज चेन्ज रियाक्सन (पीपीआर) परीक्षण र रगतको नमूनाबाट र्‍यापिड डाइग्नोष्टिक टेस्ट (आरडिटी) गरिएका २८२ जनाको रिपोर्ट नेगेटिभ आएको छ ।

थ्रोट स्वाब अन्तर्गत सङ्कलित २११ नमूनाहरु परीक्षणका लागि कोशी अस्पताल विराटनगर र वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान पठाइएकामा २२ जनाको रिपोर्ट आउन बाँकी रहेको प्रदेश नं. १को मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कोरोना सूचना डेस्कले जनाएको छ

कोरोना भइरस भए/नभएको छिटो पत्ता लगाउन गरिने र्‍यापिड डाइग्नोष्टिक टेस्ट अन्तर्गत शनिबार भएको नमूना सङ्कलन परीक्षणमा ९३ जनाको रिपोर्ट नेगेटिभ आएको छ । उक्त नमूना सङ्कलनमा जम्मा ७ महिलासहित ९३ जनाको परीक्षण गरिएको थियो ।

प्रदेश अन्तर्गतका विभिन्न जिल्लाका क्वारेन्टाइनमा राखिएका नागरिकको आरडिटीको परीक्षणको नमूना ल्याउन स्वास्थ्यकर्मीहरु परिचालन गर्ने कार्य जारी छ । मोरङ, झापा र उदयपुरमा रहेका क्वारेन्टाइनमा बसेका नागरिकको नमूना सङ्कलन गरिएको छ । प्रदेशका क्वारेन्टाइनमा शनिबारसम्म ५९२ छन् भने आइसोलेसनमा १० जनालाई राखिएको छ । होम क्वारेन्टाइन अन्तर्गत तीन हजार ४१७ छन् । प्रदेशका विभिन्न स्थानमा रहेका आइसोलेसनबाट २२ र क्वारेन्टाइनबाट ५५ जना घर फर्केका छन् । प्रदेशमा परीक्षण किट्स आएसँगै परीक्षणको दायरा व्यापक हुने मुख्यमन्त्री शेरधन राईले जनाउँदै आएका छन् ।

## सुतिरहेको बेला ढुंगाले लाग्दा...

**पाँचथर, चैत्र ३०।** पाँचथरको तुम्मेवा गाउँपालिका-५ हाङ्बुङमा निर्माणाधिन पुलमा काम गर्दै आएका एक कामदारको ढुङ्गाले लागेर मृत्यु भएको छ ।

भारतको सिपोल जिल्ला शंकरापुर गाउँ पञ्चायत घर भई उक्त स्थानमा काम गर्दै आएका २४ बर्षीय नजिबुल महोमदको ढुङ्गाले लागेर मृत्यु भएको हो । दिनभरको काम सकेर खोला नजिकै टेन्ट टाँगेर सुतिरहेको अबस्थामा भिर माथिबाट एक्कासी ढुङ्गा झरेर लाग्दा निजको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ ।

## चट्याङले तीन जनाको ज्यान लियो

**संखुवासभा, चैत्र ३०।** संखुवासभा पाँचखपन-२की ५२ बर्षीया डम्बरकुमारी राईको चट्याङले लागेर मृत्यु भएको छ ।

घरको आँगनमा बसिरेहकी राईलाई बर्षासंगै आएको चट्याङले लाग्दा उनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाले जनाएको छ ।

यसैगरी बर्षासंगै आएको चट्याङले लागेर खोटाङ केपीलाशगढी-१का १५ बर्षीय राजमणी राई र ३५ बर्षीया निर्मला बिकको मृत्यु भएको छ । आ-आफ्नै घरमा बसिरहेका दुबै जनालाई चट्याङले लाग्दा उनीहरुको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनाएको छ ।

# व्यालेन्स नभए पनि एनसेलमा फाइदा

**काठमाडौं , चैत्र ३०।** एनसेलका प्रिपेड ग्राहकले अब आफूसँग मेन व्यालेन्स नभए पनि डेटा र एसएमएस सेवाको फाइदा लिन सक्नेछन् ।

नयाँ वर्ष २०७७को अवसरमा एनसेल प्राइभेट लिमिटेडले आफना ग्राहकलाई सम्पर्कमा रहिरहन थप मद्दत पुर्‍याउँदै शनिबार (चैत्र २९) बाट नयाँ योजना ल्याएको छ । जस अन्तर्गत ग्राहकले अब डेटा र एसएमएस सेवासहितको प्याक वा एसएमएस प्याकपछि शुल्क तिर्ने गरी खरिद गर्न सक्छन् ।

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोनाभाइरसले विश्वनै त्रसित भइरहेको विपद्को परिस्थिति र लकडाउनले गर्दा ग्राहकहरुले सहज रुपमा आफ्ना परिवारका सदस्यहरु र साथीभाइहरुसँग सम्पर्कमा रहन तथा नव वर्षको शुभकामना आदानप्रदान गर्न आफ्नो व्यालेन्स रिचार्जमा कठिनाई भोगिरहेका हुन सक्छन् । त्यसैले एनसेलले सजिलै डेटा र एसएमएस सेवामा पहुँच सुनिश्चित गर्न यो नयाँ योजना 'न्यू इयर अफर' ल्याएको हो ।

डेटा र एसएमएस सेवा प्याकका रुपमा लिई तोकिएको शुल्कपछि तिर्न मिल्ने यो पहिलो यस किसिमको अफर हो । यस अफर अन्तर्गत एनसेलका ग्राहकले २५० एमबी डेटा र २५० एसएमएस प्याक कर सहित मात्र रु. २०मा शुचारु गर्न सक्छन् । ग्राहकले आफूसँग शुन्य ब्यालेन्स रहेको अवस्थामा पनि यो प्याक लोनमा सुचारु गरी डेटा र एसएमएस सेवाको फाइदा लिन सक्छन् । यो प्याक अन्तर्गत पाइने डेटा र एसएमएस भोलुम शुचारु भएको दिनदेखि ५ दिनको लागि मान्य रहन्छ ।

आफ्नो आवश्यकता अनुसार ग्राकहले एसएमएस सेवा मात्र पनि प्याक रुपमा लिन सक्छन् । ग्राहकले लोनमा नै २५० वटा एसएमएस रहेको प्याक करसहित मात्र रु. १० शुचारु गर्न सक्छन् । शुचारु गरिएको एसएमएस प्याक ५ दिनको लागि मान्य रहनेछ ।

ग्राहकले एस्ट्रिक्स ९९८८ एस्ट्रिक्स ७७ ह्यास डायल गरी आफ्नो आवश्यकता अनुसार डेटा र एसएमएस बन्डल प्याक वा एसएमएस प्याक लोनमा सुचारु गर्न सक्छन् । विगत दुई महिनादेखि एनसेलको सिम प्रयोग गरिरहेका र मेन ब्यालेन्स रु. ५ भन्दा कम भएका एनसेलका प्रिपेड ग्राहकले मात्र यी प्याकहरु शुचारु गर्न सक्छन् । ग्राहकले आफ्नो मेन व्यालेन्स रिचार्ज गरेपछि प्याकको तोकिएको शुल्क स्वतः काटिने छ । यस बाहेक अन्य शुल्क लाग्ने छैन ।

ग्राहकले आफ्नो आवश्यकता अनुसार कुनै पनि समयमा जति पटक पनि यो सेवा लिन सक्छन् । यद्यपि सेवा शुचारु गर्नुभन्दा पहिला पुरानो लोनको रकम चुक्ता गरेको हुनु पर्दछ ।

कोरोनाभाइरस रोगका कारण सामाजिक दुरी कायम गर्दै सबै आ-आफ्नो घरमा बसिरहेको अवस्थामा, यस अफरले ग्राहकलाई आफ्ना परिवारका सदस्यहरु र साथीभाइसँग सम्पर्कमा रहिरहन थप मद्दत गर्ने विश्वास एनसेलले लिएको छ ।




सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला ।

**Divine Int'l Acadamy (Dia)**

Birtamode 023-543821, 9823714550

अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**उज्यालो यातायात प्रा.लि.**



९८६०३६२५३५
९८१४०८८९९६

बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौंडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउँ जानको लागि सम्झनुहोस् ।

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।



उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465

MBBS (BKPKHIS) Dharan

MD फिजिसियन (PGI, Chandigarh) India

DM, Gastroenterology (ION, TUTU) KTM

ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ

महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)

**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**

बिर्तामोड अन्धुवा खोला छेऊ (०२३-५४२८४५)

**पत्रिका समयमा पाउनु भएको छैन ?**

मो. ९८०७९१०२२२

पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**कर्मचारी आवश्यकता**

सेक्यूरिटी गार्ड (महिला-पुरुष) १५ जना
Math/English Teacher: ४ जना
Math/Science Teacher: ४ जना
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउस किपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनर: ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**

बिर्तामोड : ०२३-५४६६८३/९८२६९२०००१
इलाम: ०२७-५२०१४०/९८२६९२०००२

**हिजोको सूनचाँदीको भाऊ**

छापावाला सुन : ७७,०००।-
तेजावी सुन : ७६,७००।-
असल चाँदी : ७२५।-

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८२४९८११७४, ९८४४६४७०६७
९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्ड:- ४० जना (महिला/पुरुष)

यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।

**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोन: ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समय:
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।

बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७

काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** बेसुरमा खर्च गर्ने बानीले समस्या निम्त्याउनेछ । अर्थ अभावले विशेष काम रोकिन सक्छ । अवसरका लागि केही दौडधुप गर्नुपर्ला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** व्यवसायमा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका पाइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** आर्थिक समस्या सुल्झाउन कर्जा लिनुपर्ला । सरसापटमा गएको रकम भने फिर्ता हुनेछ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ । श्रमको उचित मूल्यांकन हुनेछ । सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आम्दानीका विभिन्न स्रोत देखिए पनि लगानीतर्फ लागत बढ्नेछ । कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आफ्नो लाभांशमाथि अरूले दाबी-विरोध गर्न सक्छन् । अरूको मुख ताक्ने बानीले पछि परिने छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** अवसर प्राप्त भए पनि बेसुरमा काम गर्ने बानीले चुनौति निम्त्याउन सक्छ । मेहनत गर्दा कार्यसिद्धिको समय छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** काम गरेर दाम कमाउने अवसर प्राप्त हुनेछ । कूटनीतिक व्यक्तिको सहयोग जुट्नेछ । नयाँ काम प्रारम्भ गर्ने बेला छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** धेरै आम्दानी नभए पनि चुनौति पन्छाउन सकिनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्यमा पुग्न सकिनेछ । दीर्घकालीन योजना बनाएर नयाँ काम प्रारम्भ गर्ने बेला छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मेहनत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ । सामाजिक काममा रुचि बढ्नेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अभाव हट्नुका साथै दाम, नाम र इनाम प्राप्त हुनेछ । शक्तिको धाक देखाउनेहरू स्वतः पछि पर्ने छन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** धार्मिक र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ । रोकिएका काम पनि बन्ने छन् । सानो प्रयत्नले धेरैको भलाइ हुन सक्छ ।